# स्थानीय राजपत्र

## छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित

खण्डः ८ संख्याः०३ मितिः २०८१/१०/०४

## भाग - २

## छत्रकोट गाउँपालिका, गुल्मीको सूचना

टोल विकास संस्थालाई गाउँपालिकाबाट प्रदान गरिने अनुदान खर्च गर्ने सम्बन्धी मापदण्ड, २०८१

**छत्रकोट गाउँपालिका**

**टोल विकास संस्थालाई गाउँपालिकाबाट प्रदान गरिने अनुदान खर्च गर्ने सम्बन्धी मापदण्ड, २०८१**

**कार्यपालिकावाट स्वीकृत मितिः-२०८१।०९।१५**

**१. प्रस्तावना**

छत्रकोट गाउँपालिका वार्षिक स्वीकृत बजेट अन्तर्गतको टोल विकास संस्था सञ्चालनार्थ अनुदान व्यवस्थापन शिर्षकमा विनियोजित बजेटलाई प्रभावकारी र विश्वसनिय ढंगबाट कार्यान्वयन गरि अधिकतम प्रतिफल हासिल गर्न बाञ्छनीय भएकोले छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो मापदण्ड तर्जुमा गरेको छ।

**२. उद्देश्य**

- अनुदानको प्रभावकारी र पारदर्शी खर्च सुनिश्चित गर्नु।
- टोल विकास संस्थाहरूलाई आवश्यकता अनुसार सहयोग र मार्गदर्शन प्रदान गर्नु।
- विकास कार्यहरूमा अधिकतम प्रतिफल हासिल गर्नु।
- अनुदान रकमको प्रयोगमा पारदर्शिता र जवाफदेहीको सुनिश्चितता गर्नु।

**३. टोल विकास संस्थाले अनुदान प्राप्त गर्नका लागि योग्यताका मापदण्ड**

टोल विकास संस्थाले निम्नलिखित योग्यताका मापदण्ड पुरा गरेको हुनुपर्छः

१. दर्ता: टोल विकास संस्था गाउँपालिकामा विधिवत रूपमा दर्ता भएको हुनुपर्छ।

२. पान नं: संस्थाले कर कार्यालयबाट पान नं (Tax Identification Number) लिएको हुनुपर्छ।

३. खाता खोलेको हुनुपर्छ: संस्थाले बैंक खाता खोलेको हुनुपर्छ।

४. अडिट रिपोर्ट: अघिल्लो आर्थिक वर्षको अडिट रिपोर्ट बुझाएको हुनुपर्छ। तर आर्थिक वर्ष २०८१।८२ को हकमा अडिट रिपोर्ट पछि बुझाउने गरि अनुदान दिन सकिनेछ।

**४. अनुदान रकम खर्च गर्ने कार्यहरू**

**अनुदान रकम निम्नलिखित कार्यहरूमा मात्र खर्च गर्न सकिनेछः**

**१. संस्थाको कार्यालय स्थापना र रुपाङ्कनः**

- आवश्यक सामाग्रीहरू खरिद गर्ने।
- उदाहरणः फर्निचर, कम्प्युटर, ल्यापटप, होडिङ बोर्ड, आदि।

**२. विपद् व्यवस्थापन कार्य:**

- विपद् व्यवस्थापन सम्वन्धी खोज, उद्धार, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यको लागि आवश्यक सामाग्री खरिद गर्ने।
- उदाहरणः खोज उद्धार उपकरण, आपतकालीन सामाग्री, आदि।

**३. वृक्षारोपण कार्य:**

- वृक्षारोपण कार्यको लागि विरुवा खरिद गर्ने।
- उदाहरणः फलफूलका र अन्य विरुवा, आदि।

**४. टोल सरसफाई:**

- टोल सरसफाईको लागि आवश्यक पर्ने सामाग्री खरिद गर्ने।
- उदाहरणः फोहोर संकलन उपकरण, सफाई सामाग्री, आदि।

५. विकास निर्माण कार्य:

- टोल भित्र कुनै विकास निर्माणको कार्य (कार्यालयवाट स्टिमेट स्वीकृत गराई सम्झौता अनुसारको कार्य)।
- उदाहरणः सडक निर्माण, संरचना निर्माण, पानी आपूर्ति, आदि।

६. सामाजिक अपराध विरुद्ध सचेतना अभिवृद्धि कार्यक्रम:

- घरेलु हिंसा, यौनजन्य हिंसा, मानव तस्करी, बालश्रम र बाध्यात्मक श्रमलाई अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने।
- उदाहरणः कार्यशाला, सेमिनार, जनचेतना रेकर्डिङ, आदि।

**५. अनुदान रकम र प्रक्रिया**

- अनुदान आवेदन: टोल विकास संस्थाले अनुदानको लागि आवेदन दिँदा निम्न कागजातहरू संलग्न गर्नु पर्नेछः
  1. दर्ता प्रमाणपत्र
  2. पान नं कागजात
  3. बैंक खाता विवरण
  4. अडिट रिपोर्ट (गत आर्थिक वर्षको)
  5. कार्य योजना (विनियोजित रकमको प्रयोग विवरण)
- भुक्तानी र फरफारक
  1. आवेदन प्राप्त भएपछि गाउँपालिका कार्यालयले प्रत्येक टोल विकास संस्थाको खातामा विनियोजित अनुदान रकम एकमुष्ट वा किस्तामा भुक्तानी गर्नेछ।
  2. टोल विकास संस्थाले प्राप्त रकम तोकिएका कार्यहरुमा खर्च गरि जेष्ठ मसान्त भित्र गाउँपालिकाको कार्यालयमा बिलभरपाई,वडाको सिफारिस,संस्थाका निर्णय र खर्च सार्वजनिक समेत संलग्न गरि फरफारक गर्नुपर्नेछ।

६. अनुदानको निगरानी र मूल्यांकन

- टोल विकास संस्थाले अनुदानको प्रयोगमा पारदर्शिता र जवाफदेहीता कायम गर्नु पर्नेछ।
- गाउँपालिकाको कार्यालय र सम्बन्धित वडाले अनुदान खर्चको निगरानी गर्नेछ र अनुदानको सही प्रयोगको मूल्यांकन गर्नेछ।
- अनुदान खर्च गरिएको कार्यको विवरण र प्रगति प्रतिवेदन समय समयमा गाउँपालिकामा बुझाउनु पर्नेछ।

७. अनुदान फिर्ता र दण्ड प्रक्रिया

- यदि अनुदान रकमको गलत प्रयोग वा उद्देश्य विपरीत खर्च गरिएको पाईएमा गाउँपालिकाले अनुदान रकम फिर्ताको माग गर्न सक्छ। साथै आवश्यक कारवाही प्रक्रिया समेत अगाडी वढाईने छ।

८. परिमार्जन सम्बन्धी व्यवस्था

- यस मापदण्डमा कुनै सुधार वा परिमार्जन गर्न आवश्यक भएमा कार्यपालिकाले निर्णय गर्नेछ।
- यस मापदण्डको पालन गर्न सबै टोल विकास संस्थाले अनिवार्य रूपमा पालना गर्नु पर्नेछ।

९. मापदण्डको कार्यान्वयन

- यस मापदण्डको कार्यान्वयन तुरून्त हुनेछ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत